राणाकालिन समयमा पूर्वाञ्चलको पहाडी जिल्ला खोटाङ, भोजपुर, संखुवासभा र धनकुटा जिल्लाहरुलाई माझ किरात र तेह्रयुम, ताप्लेजुङ पाँचथर इलामलाई पल्लो किरात भन्ने चलन थियो। माझ किरातमा बसोबास गर्ने मुख्य जनजाती राई छन् भने पल्लो किरातमा बसोबास गर्ने मुख्य जनजाती लिम्बु छन्। त्यस्तै झापा, मोरङ र सुनसरीका मुख्य जनजाती क्रमशः राजवंशी ताजपुरीया र चैधरी छन्।

७. छिन्नमस्तक भगवती :- छिन्नमस्तक भगवती नेपालको सगरमाथा अञ्चल सप्तरी जिल्लाको सदरमुकाम राजविराजबाट साँढे तीनकोस दक्षिण पश्चिम भारतको सिमानानिर पर्दछ।

छिन्नमस्तक भगवतीको महिमा अति महत्वपूर्ण छ। परापूर्वकालमा सखडा गाविसको सखडामा एक जना राजाले राज्य गर्दथे। राजाकी एक छोरी राजकुमारी सखडा भगवती मन्दिर गई सधैं दिन भगवतीसंग कुराकानी गर्ने गर्दथी। राजकुमारी सखडा भगवतीकी भक्तिनी भएको हुँदा आफ्नो भक्तिनीलाई आफ्नै शरीरमा लीन गर्न सखडा भगवतीले राजकुमारीलाई निली दिनु भयो। उता राजाले आफ्नी छोरी राजकुमारी हराएकीले चारैतिर खोजी गराए र अन्तमा आफ्नो छोरी सखडा भगवतीको भक्तिनी भएको हुँदा भगवती मन्दिरमा आई हेर्दा भगवतीले आफ्नो

छोरीलाई निलिसकेकी र छोरीले ओढ्ने गरेकी पछ्यौरा मात्र मुखमा बाँकी रहेको राजाले देखे। राजा ज्यादै क्रोधित भै तरवार निकाली भगवतीको टाउको काटी दिए। भगवतीको टाउको अलप भयो र भगवती पनि ज्यादै क्रोधित भई राजाको सवै बंश नै नास गरि दिनु भयो। सोही कारणबाट नै सखडा भगवतीको नाम छिन्नमस्क भगवती रहन गयो भन्ने किवंदन्ती छ।

उक्त देवीको मूर्ति दक्षिण फर्केको छ र मन्दिरमा प्रत्येक दिन बली चढेको हुन्छ तर मन्दिरमा बली चढी रगत छितर वितर भएतापनि एउटा झिंगा पनि हुदैनन्। मन्दिर अगाडि एउटा पोखरी छ उक्त पोखरीबाट परापूर्वकालमा त्यहाँका मानिसहरुलाई चाडपर्व परेमा भाँडावर्तनको आवश्यकता भई पोखरी छेउ पुग्दा भाँडा वर्तन पोखरीबाट निस्कन्थ्यो भन्ने पनि कहावत छ। छिन्नमस्तक भगवती साक्षत भएकोले मानिसले इच्छा गरेको सवै इच्छा पूर्ण हुन्छ भन्ने कहावत छ।

८. हलेसी महादेवः- काठमाडौं-लामी डाँडा - हवाई मार्ग

जनकपुर- " - हवाई मार्ग

विराटनगर-लामिडाँडा- हवाई मार्ग

लामिडाँडा- लामिडाँडा भञ्ज्याङ - पैदल १/२ घण्टा

लामिडाँडा भंज्याङ्ग-विजुली भञ्ज्याङ २ घण्टा

बिजुली बजार भञ्ज्याङ्ग-अर्खौले बजार- पैदल १ घण्टा

अर्खौले बजार- हलेसी महादेव- पैदल २, १/२ घण्टा

हलेसी महादेव पूर्व तर्फ फर्केको। हलेसी महादेव को पूर्वको दक्षिण मुख गणेश। दाँया बाँया कुमार र प्रजापति। पश्चिम उत्तर कुनामा ब्रह्मा र बिष्णु। पश्चिम पट्टि कुनामा धर्मद्वार। उत्तर कुनामा गर्भद्वार र कर्मद्वार। पूर्व तर्फको दुईवटा पाप द्वार। पूर्व दक्षिण कुनामा गणेशलाई हात्तीले संरक्षण गरिरहेको मुर्ति छ।

उक्त स्थानको गणेशलाई चढाएको अक्षता सिंगो लगेर राखेमा छोरा पाउने र आधा लगेमा छोरी पाउने। छोरा वा छोरी पाएमा उक्त अक्षता चामल र छोरा वा छोरीको मुख देखाउन देवता स्थान ल्याउनु पर्छ भन्ने कहावत छ।

हलेसी महादेवको कथा निम्न प्रकार छन्:-

परापूर्व कालमा शंकर भगवानले भष्मासुरलाई भष्मासुरको हातले छुनासाथ भष्म हुने बर दिए पछि भष्मासुरले महादेवलाई भष्म गरेर पार्वती लैजाने मनसाय गरि महादेवलाई भष्म गर्न लखेटदै ल्याए पछि महादेव भाग्दै हलेसीको दक्षिण पट्टिको सुरुङ भित्र पस्नु भयो र उक्त सुरुङको मुल ढोकामा आफ्नो संरक्षणको लागि बसाह

र नागलाई राखी भित्र पस्नु भयो । उक्त सुरुङको आकाशको खुल्ला भागबाट उकालो चढी अर्को सुरुङको आकाशको खुल्ला भागबाट तल ओर्ली पर्वतीलाई खोपामा लुकाई आफु पनि उक्त सुरुङ भित्र लुकी बस्नु भयो। भष्मासुरले महादेवलाई लखेटदै आएको र महादेवलाई ज्यान बचाउन मुश्किल भएको भगवान बिष्णुले थाहा पाएपछि भष्मासुर सुरुङभित्र पस्नु अगाडिनै बिष्णुले मोहनी रुपी नारी रुप धारण गरि भष्मासुरको अगाडि नाची भष्मासुसंग विवाह गर्ने लालच देखाई । भष्मासुरले मोहनीरुपी (बिष्णु) संग विवाह गर्न मोहनी रुपी नारीले जसरी अभिनय गरेर नाच्छिन उस्ले पनि उसरीनै नाच्नु पर्ने संकेत दिई मोहनीरुपी बिष्णुले टाउको छाए जस्तै भष्मासुरले जसै हातले आफ्नै टाउको छोएपछि तत्कालै भष्मासुर उहीं भष्म भए ।

९. सगरमाथा:- विश्वमा सवभन्दा अग्लो हिमाल २९०२८ फिटको सगरमाथाको नाम नेपाललाई विश्वले चिन्ने गरेको छ। त्यस माथि पनि वि.सं. २०१० साल अथवा सन् १९५३ मे २९ को दिन सोलुखुम्बु जिल्लाका नाम्चे निवासी तेन्जिङ शेर्पाले सर्व प्रथम चढी विश्व किर्तिमान कायम गरेको छ ।

विदेशी पर्यटकहरु दिनहू ३/४ flight Mountain Flight गर्छन्। साथै लामो समय सम्म काठमाडौं बस्ने विदेशी पर्यटकहरुले नगिचमा गएर सगरमाथाको दृश्यको आनन्द लिन चाहनेहरु काठमाडौं लुक्ला अथवा काठमाडौं स्याङबोचे हवाई मार्गबाट गई आनन्द लिने गर्दछन् ।

सोलुखुम्बु जिल्लाको नाम्चे बजारको मुख्य जनजाती शेर्पा जाती छन् । त्यस्तै ओखलढुङ्गाको मुख्य जनजाती गुरुङ छन् भने सप्तरी र सिराहामा झा, यादव र चौधरी जनजाती छन् ।

१०. दोलखा:- मध्यमाञ्चल विकास क्षेत्र जनकपुर अञ्चल अन्तर्गत को दोलखा जिल्लाबाट गौरी शंकर हिमाल जाने पर्वतारोही हिंडने गर्नछन् । गौरी शंकर हिमालको उचाई २३४४० फिट पर्दछन्। दोलखा जिल्लामा खरी खानी पाइएको छ । दोलखा जिल्लाको पश्चिम शिखरमा कालिञ्चोक भगवतीको मन्दिर छ । त्यहांबाट आकाश स्वच्छ भएको बखत काठमाडौंको धरहरा देखिन्छ भन्छन् ।

११. रामेछाप: मध्माञ्चल विकासक्षेत्र जनकपुर अञ्चल रामेछाप जिल्लाको ठोसे मा तामा खानी र निग्रेमा फलाम खानी पत्ता लगाईएको छ। शैलुंगको लेकबाट आकाश स्वच्छ भएको बखत काठमाडौंको धरहरा देखिन्छ भन्छन् । दोलखा, रामेछाप, सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक जिल्लाको मुख्य जनजाती तामाङ हुन् ।

१२. जनकपुर:- यो जनकपुर अञ्चल धनुषा जिल्लाको सदरमुकाम हो । जनकपुर परापूर्वकालमा राजा जनकको राजधानी थियो । हाल जनकपुरमा अनेक तलाउ, राम मन्दिर र जानकी मन्दिर छन् । जानकी मन्दिर अति सुन्दर महल छ, जसलाई नौलखा दरबार पनि भन्दछन् । धनुषा जिल्लाको धनुषा भन्ने गाउँमा रामले शिव धनुष तोडिएको प्रतिमाको रुपमा काला पत्थर छन् । विवाह पञ्चमी र रामनवमीको दिनहरुमा उक्त स्थानमा धुमधाम मेला लाग्छ । भारतबाट पनि प्रसस्त मात्रामा मानिसहरु उक्त मेला हेर्न आउँछन् ।

१३. पलान्चोक भगवती:- यो बागमती अञ्चलको काभ्रेपलाञ्चोक जिल्ला अन्तर्गत पलाञ्चोक भगवती पर्दछ । उक्त स्थानमा पलाञ्चोक भगवतीको साक्षात मूर्ति छ । भगवतीको मूर्ति अति नै सुन्दर साक्षात अहिलेनै बोल्ने स्वरुपकी छिन् । दशै र अघिपछि जहिले पनि विभिन्न स्थानहरुबाट दर्शनार्थ मानिसहरु आई रहन्छन् । हरेक शनिश्चरवार दक्षिणकालीमा जतिकै मोटरको पनि घुइँचो हुन्छ ।

पलाञ्चोक भगवती जान काठमाडौंबाट बनेपा सम्म बसमा गई बनेपाबाट पलाञ्चोक भगवती सम्म शनिश्चरबारका दिन मिनिबसहरु चलिरहेका हुन्छन् ।

१४. मच्छिन्द्रनाथको भोटो जात्रा: ललितपुर जिल्लाको जावलाखेलमा मच्छिन्द्रनाथमा देखाइने भोटो कर्कोट नागले आफ्नी पत्नीको आँखाको औषधी गर्ने किसानलाई उपहार स्वरुप प्रदान गरेको र त्यस भोटोको स्वामित्व बारे किसान र राक्षस बिच विवाद खडा भए पछि भोटोको स्वामी को हो भनेर भोटो देखाउने जात्राको सुरु भएको कुरा मच्छिन्द्रनाथ सम्बन्धमा पौराणिक कथामा उल्लेखित छ ।

लिच्छवी बंशका २१ औं राजा बसन्तदेवले मच्छिन्द्रनाथ पूजाको परम्परा चलाएको कुरा इतिहासमा उल्लेखित छ । मच्छिन्द्रनाथलाई भारतको आसाम स्थित कामरुपिठबाट ल्याउने कार्य वि.सं. ५५६ तिर भक्तपुरका राजा नरेन्द्रदेवको पालामा भएको र वि.सं. ६५० देखि रातो मच्छिन्द्रनाथको चेला गोरखनाथ रिसाएपछि काठमाडौं उपत्यकामा अनिकाल परी हाहाकार भयो र गुरु मच्छिन्द्रनाथलाई तान्त्रिक बन्धु दत्त आचार्यको निष्ठाबाट काठमाडौं उपत्यकामा ल्याइयो । अनि उनलाई बोकेर ल्याउने काम पाटनका रथचक्र भन्ने किसानले गरेकाले पाटनमा रथयात्रा हुने गरेको हो भन्ने कुरा इतिहासमा पाइन्छ ।

यिनको करिब ३ फुटको माटोको मूर्ति बुङ्गमतीको यपबही (बिहार) मा राखी प्राण प्रतिष्ठा गराई पूजा गर्ने परम्परा चलेको हो र मच्छिन्द्रनाथलाई शिव मार्गी र बौद्ध मार्गी दुवैले पूजा गर्छन् ।

रातो मच्छिन्द्रनाथलाई बौद्ध पुराण अनुसार पदमपाणि लोकेश्वर, लोकनाथ र करुणामय समेत विभिन्न नामले आराधना गरिन्छ। मच्छिन्द्रनाथको शिरमा राजमुकुट, गलामा विभिन्न थरीका गहनाहरु र कर्कोट नागको आभूषण अनि दाँया हातमा शक्ति बायाँ हातमा कमलको फूल (पदम) रहेको बताईन्छ। उनको आहारा निरामिष भएकोले पूजा गर्दा पञ्चामृतबाट गरिन्छ र बली दिइन्न।

१५. पशुपतिनाथः

१. गोपाल बंशावलीमा सुपुष्य नामका लिच्छवी राजाले पशुपतिनाथ मन्दिर बनाएको उल्लेख छ।

२. बि.सं. ११५६-७६ (ने.सं. २१९) मा मध्यकालका राजाले पशुपतिनाथको मन्दिरमा तामाको छाना छापेको उल्लेख छ।

३. पशुपतिनाथ मन्दिरको तीन तहयुक्त छानालाई दुई तहको पार्ने बि.सं. १६३५-१६७७ काठमाडौंका राजा शिवसिंहको रानी गंगा रानी हुन्।

४. बि.सं. १८८५ जेष्ठमा भिमसेन थापाले पशुपतिनाथ मन्दिरको दक्षिणपट्टिको बाहिरी ढोका बनाएका हुन्।

ॐ वर्णको अर्थ (अ.उ.म.) वर्ण ब्रह्मा, बिष्णु र महेश्वर हुन्।

"ॐ नमः शिवाय को अर्थ": "ॐ नमः शिवाय" मन्त्र नै वेदहरुको सार हो र मुक्ति दिने पनि हो। वर्णमा देवाधिदेव, सर्वज्ञ महादेव विद्यमान हुनुहुन्छ। नम शिवाय मन्त्रमा इशान आदि सूक्ष्म ब्रम्हाण्ड नै रहन्छन्। वाच्य वादक भेदभाव यो मन्त्रमा भगवान् शिव सदा सर्वज्ञ रहनु हुन्छ। यो मन्त्र जप गर्नेहरु निष्कलङ्क भएर संसारबाट मुक्त हुन्छन्।

बायूवेदबाट वर्णनः श्रृष्टीको शुरुमा केवल शिव मात्र नै विद्यमान हुनु हुन्छ। दोस्रो कोहि पनि छैन। उहाँलेनै यस संसारलाई श्रृष्टी गर्नु हुन्छ र रक्षा पनि गर्नु हुन्छ। अन्तमा सबैको संहार पनि गर्नु हुन्छ। उहाको सबै तर्फ नेत्र, मुख र पाउ छन्।

स्वेताम्बर उपनिषदमा वर्णन : श्रृष्टीको शुरुमा केवल अन्धाकारै अन्धकार थियो। न रात थियो न कारण थियो न कार्य थियो केवल एक विकार रहित भगवान् शिव नै विराजमान हुनु हुन्थ्यो। उहाँनै अक्षर हुनु हुन्छ उहाँ नै परमेश्वर हुनु हुन्छ र उहाँ बाट नै सबै थोक उत्पन्न भएका हुन्।

श्रीमत्भागवतमा वर्णनः- "तपाईं नै सम्पूर्ण जगतको ईश्वर र मोक्ष प्रदान गर्ने तपाईं नै हुनु हुन्छ। जसले तपाईको पूजा अर्चना गर्दछ। यसले नै तपाईलाई प्राप्त गर्न सक्छ।"

महाभारत अनुशासन पर्वमा वर्णन :- ब्रम्हा, बिष्णु तथा संहारकर्ता रुद्र आदिको श्रृष्टी गर्ने शिव सर्वादि सर्व प्रधान सबै तत्वको ज्ञाता हुनु हुन्छ।

ऋक, यजु र अथर्व वेदमा वर्णन:- ऋक, यजु र अथर्व वेदमा शिवलाई ईश, ईश्वर, ईशान, रुद्रकपर्दी शितिकण्ठ, सर्वज्ञ सर्व शक्तिमान तथा सर्व भूतेश आदि नामबाट वर्णन गरिएको छ।

भगवान् रामको शिव भक्ति:- श्रीरामचन्द्र भगवान भाई लक्ष्मणलाई भन्नु हुन्छ:- शिव र बिष्णुमा भेद छैन न त ब्रह्मा र महेशमा भेद छ। त्यसकारण म महेशको चरण रजलाई धारण गर्दछु भनि पदम पुराणमा वर्णन गर्नु भएको छ।

भगवान् विष्णुबाट शिव पूजन:- सबभन्दा पहिला भगवान विष्णुले लक्ष्मी सहित शिवपूजन गरेमा अत्यन्त तेज प्राप्त गर्नु भएको बारेमा स्कण्ड पुराणमा वर्णन गरिएका छन्।

ब्रह्मा वैवर्य पूराण जन्म खण्डः उक्त पुराणमा भगवान श्री कृष्णले भगवती राधालाई शिव महत्व बारे बताउँदै भन्नु हुन्छ- जसले महादेवको नाउँ लिन्छ म उसैको पछि नाम श्रवण प्रलोभन हिडि रहेको हुन्छु।

श्री पदम पुराण:- उक्त पुराणमा श्री कृष्ण शिव पूजा नगर्नेलाई पापी ठान्नु हुन्छ।

महाभारत:- महाभारत युग युगमा श्री कृष्ण भगवानबाट शिव पूजन गरिरहेको बारेमा उल्लेख छ।

सच्चिदानन्द धन परब्रम्ह परमात्माको पशुको साथ रमाउने, पशुहरुको रक्षा गर्ने, पशुहरुको आधिपत्य गर्ने सवरुपको नाम पशुपतिनाथ हो। ब्रह्म देखि झारपात लगायत सम्पूर्ण प्राणी दृष्टी शक्तिले सम्पन्न भएका र साथै मायाजनित पाशले बद्ध भएका हुँदा पशु कहलाउँछन् तिनको रक्षक स्वामी पशुपतिनाथ कहिनु हुन्छ। सृष्टी, स्थिति, तय, निग्रह, अनुग्रह, देवाधिदेव भगवान् महादेव पशुपतिनाथका लिला विलास हुन्, ब्रह्मा, विष्णु लगायत सम्पूर्ण चराचर जगत उहाँकै विभूति हुन्। उहाँ कथानातित, वर्णनातित, कल्पनातित हुनुहुन्छ।

उहाँको महिमा का विषयमा जति भने पनि पुग्दैन।

श्री पशुपतिनाथ आदि ज्योतिर्लिङ्ग हुनुहुन्छ। ज्योतिर्लिङ्ग बाह्र मानिएका छन्:- सोमनाथ, बैजनाथ, विश्वनाथ, केदारनाथ आदि। यी द्वादश ज्योतिर्लिङ्ग श्री पशुपतिनाथकै रुपभेद हुन्, स्फुलिङ्ग विशेष हुन्। हाल पशुपतिनाथको मुख लिङ्गमय श्री विग्रह रहेकै मूलनाभीस्थानमा फाल्गुण कृष्ण चतुर्दशीको मध्यरातमा भगवान् पशुपतिनाथ आदि ज्योतिर्लिङ्गको रुपमा प्रकट हुनु भएको हो। सो ज्योतिर्लिङ्ग अनन्त ब्रह्माण्डमा व्याप्त

हुँदै बढन थाल्यो । सो लिङ्गमय महाविराट ज्योतिलाई चतुर्मुख ब्रह्माण्डलाई सृष्टी प्रेरणा दिनु हुने भगवान नारायणले अङ्कमाल गरेर समेटनु भयो । त्यो महाविराट ज्योतिको प्रतीक को रुपमा भगवान विष्णुले लिङ्गको स्थापना गर्नु भयो, पूजा गर्नु भयो । लिङ्गको स्थापना र पूजनबाट प्रसन्न बन्नु भएका आशुतोष भगवान श्री पशुपतिनाथले सो लिङ्गमा भक्तपरदाता परिपालक को रुपमा सदा सन्निहित रहने वचन दिनु भयो । सो प्रथम ज्योतिको प्रतीक स्वरुप विष्णु ब्रम्हदेवबाट संस्थापित तथा सुपूजित वर्तमान मुखलिङ्गमा देवाधिदेव महादेव भगवान पार्वतीपति श्री पशुपतिनाथ विराजमान हुनुहुन्छ । हाम्रो नेपाल अधिराज्यको अधिष्ठाता अधिदेवको रुपमा श्री पशुपतिनाथ विराजमान हुनु हुन्छ ।

लिङ्ग भनेको प्रतिक हो चिन्ह हो । नदेखिएको तत्व जो देख्दा ज्ञानमा चढछ त्यस्लाई लिङ्ग भन्छन् । प्रतीक भनेको पनि त्यहि हो । यो सम्पूर्ण ब्रम्हाण्ड लिङ्ग हो । यो ब्रम्हाण्डले यसको करता परमेश्वरको सत्तालाई जनाई रहेको छ । ब्रम्हाण्डका सारा वस्तु कण कण अणु अणुसमा जम्मै परमेश्वर सत्तामा अडेका छन् र पर मेश्वर प्रकाशमा पुरेका छन् । त्यो परमेश्वर सत्ताको त्यो परमेश्वर प्रकाश प्रतीक लिङ्ग पशुपतिनाथ हुनु हुन्छ । त्यही अनन्त कोटी ब्रम्हाण्ड समुदायको प्रतीक लिङ्ग हो । यो दृष्यमान मुखलिङ्गले यसमा सन्निहित श्री पशुपतिनाथको अर्थात परमेश्वर सत्ताको, परमेश्वर प्रकाशको जनाउ दिई रहेको छ । आर्य जीवन दर्शनको सिद्धान्त यसैमा निहित छ । यो बुझेर गरेको लिङ्ग पूजा भगवान् पशुपतिनाथको अत्युत्तम पूजा हो भन्ने शास्त्र सम्मति छ ।

१६. ब्रम्हा-विष्णुको शक्ति परीक्षण:-

सृष्टी पूर्व यो संसार जलमय थियो । त्यस समयमा ब्रह्मा विष्णु मात्र थिए । ती दुवै शिव मायामा मोहित भएर दुवैले आपसमा म नै ईश्वर हुँ, म नै ईश्वर हुँ भनी झगडा गर्न थाले । जल क्रिडा गर्दा गर्दै ती दुवै बीच झगडा सुरु भएको थियो । ती दुवै देवताको झगडा दश हजार वर्ष सम्म भयो । दुई जना बीच हातपात मात्र हुन बाँकि रह्‌यो । त्यसै समय ती दुई देवता का माझ एक ज्योति प्रकट भयो । जुन ज्योति चालिस हजार योजन सम्म फैलिएको र यसको उचाई असंख्य योजनको थियो । यो ज्योति अतिशय तेजश्वी थियो । ज्योतिको ताप सहन न सकेर दुवै पछि हटे र दुवैले विचार गर्न लागे-" यो के हो? त्यत्तिकैमा ज्योति अलिकति शान्त भयो । कहींबाट एकाएक आकाशवाणि भयो कि मेरो शक्तिले तिमी दुवै समर्थवान भयौ । मेरो यो ज्योतिलिङ्गको आदि-अन्त जसले पत्ता लगाउँछ उसैलाई ईश्वर मानिने छ । यस्तो

आँकाशवाणी सुनेर दुवै उत्साही भै ज्योतिको आदि-अन्त पत्ता लगाउन हिंडे। ब्रह्मा माथितिर र विष्णु मुनिको बाटो लागे। दुवै जाँदा जाँदा हजारौं वर्ष विते तर ब्रम्हाले ज्योतिको शिर्ष र विष्णुले तल तथा आधार पत्ता लगाउन सकेनन्। महातल विष्णु र शेषको भेट भयो। शेषले विष्णुलाई शिवत्वको उपदेश दिए। उपदेश सुनेर विष्णु अभियान छोडेर आफ्नो स्थानमा फर्के। उता ब्रह्मा माथि जाँदा-जाँदा हैरान भए र उनले आदि अन्त पत्ता लगाउन सकेनन्। उनले सोचे कि विष्णु आदि-अन्त पत्ता लगाएर ईश्वर बन्ने छन्। यो राम्रो हुने छैन। पुन उनले आफै ईश्वर बन्ने उपाय सोचे र केतको, जपापुष्प, बन्धुक र कामधेनुलाई साक्षी बनाई आफ्नो पूर्ववत स्थानमा उनीहरुलाई लिएर आए।

ब्रह्माले भनेकि मैले ज्योति आदि-अन्त पत्ता लगाएको छु र यसका लागि मैले आफ्नो साथ साक्षी पनि लिएर आएको छु। साक्षीहरुलाई मैले पत्ता लगाएको कुरा थाहा छ। विश्वास न भए उनीहरु सित सोध्नु होस्। तव विष्णुले ती चारै जनासंग सोधे। तिनीहरु मध्ये केतकी, जपापुष्प र बन्धुक तीन जनाले भने कि ब्रम्हाले सत्य भनेका हुन्। काम धेनु ले भने " म शिर्षमा बसें त्यहाँ चढाईका बेलपत्र आदि मैले खाँदै गरे। ब्रह्माले मलाई साक्षी बनाएर यहाँ ल्याएका हुन्।" ब्रह्माले ज्योतिको अन्त पत्ता लगाएको कुरा सुनेर आश्चर्य भए र दुःखित हुँदै चूप भए। तव भगवान् शिवले आकाशवाणीबाट भनेकी ब्रह्मा र उनका साक्षीगणले झूठ बोल्दैछन्। ब्रह्माले आफुलाई पूज्य बनाउनका लागि महाझूठ काम गरे, त्यसकारण संसारमा उनको कसैले पनि पूजा गर्ने छैनन्। जो कसैले पनि यी ती फूलहरु चढाउँदछन् भने उनलाई ब्रह्म-हत्याको पाप लाग्दछ। कामधेनुले झूठ बोलेकोले उनको मुख असुद्ध भयो। यसरी आकाशवाणी सुनेर ब्रह्मा र उनका साक्षीहरु लज्जित भए। ब्रह्माले विष्णुलाई ईश्वर मानेर आफ्नो अपराधको क्षमा गराउनको लागि भगवान् शिवको स्तुति गर्न लागे। भगवान् शंकरले अत्यन्त प्रसन्न भै दुवैलाई सोहि ज्योतिको मध्यमा एक वित्ता लामो भव्य ज्योतिर्लिङ्ग को दर्शन दिए। यस प्रकार दिव्य अलौकिक लिंगको दर्शन पाएर दुवैले पुनः शिवको स्तुति गरे। यसबाट शिव अझ बढी प्रसन्न भए। त्यसपछि ब्रम्हा-विष्णुले ज्योतिर्लिङ्गको वीचमा शिव-पार्वतीको दिव्य दर्शन पाए। दर्शनबाट आल्हादित भई दुवैले बारम्बार त्यस ज्योतिर्लिङ्गको प्रदक्षिणा एवं स्तूति गरे। फेरि भगवान् शिवले प्रशन्न भै गौरी सहित पाँच मुख र आठ हात युक्त आफ्नो दुर्लभ रुपको दर्शन दिए। हातमा जपमाला र अमृत कलश कमण्डलु थिए। त्यस रूपलाई आत्मलिङ्ग भन्दछन्।

१७. काठमाडौंकी जीवित देवता कुमारी

काठमाडौं उपत्यका मन्दिर देवस्थलहरुमा प्रतिष्ठापित असङ्ख्य देवदेवीहरुका पूजिने मूर्तिहरुको सङ्ख्या गर्दै लगेमा स्त्रीदेवताहरुकै सङ्ख्या बढी पुग्न बेर छैन। वर्षेनी रथमा जात्रागरिने देवताहरु मध्ये त देवीहरुनै बढी सङख्यामा देखिन्छन्। तिनमा कुमारी देवताका भव्यता र वैशिष्ट्यहरु उल्लेखनीय रुपले नै अनुपम छन्। माटो, ढुङ्गा, काठ, धातु आदि मूर्तिहरुको सट्टा जीवित देवता-कुमारी अनेकौं बाजा गाजा, महाकाली नृत्य, भैरव-भक्कु नृत्य, मजिपात लाखे नृत्य, आदि साँस्कृतिक झाँकीहरुको साथै गणेश-भैरव जस्ता जीवित देवताहरु एवं ठूलो लावालस्कर अघिपछि लगाई विशिष्ट कलात्मक रथमा काठमाडौं नगर परिक्रमा गराई भाद्र शुल्क चतुदर्शीको दिन दिउँसो जात्रा शुरु हुने थलो गद्धी बैठकमा खुद श्री ५ महाराजाधिराजको उपस्थिति र जनसहभागिताबाट जात्रा प्रारम्भ हुनु एवं मौसुफबाट जात्राको अन्तिम दिन आश्विन कृष्ण चौथिको साँझमा कुमारी देवताको हातबाट टीका र फूलपाति ग्रहण गरि बक्सेपछि जात्रा सम्पन्न हुनु आदि विशेषताहरुले गर्दा जीवित कुमारी देउताको स्थान अति विशिष्ट, अनुपम र महत्वपूर्ण छ।

यस कुमारी देउतालाई यस्तो उच्च स्थानमा विराजमान गर्ने परम्परा उनी राजकुलकी शक्ति स्वरुपा देवी तुलजा भवानीकी प्रतीक मानिए पछि बसालिएको हो।

१८. रानी पोखरी :

काठमाडौंको मुटुमा अवस्थित रानी पोखरीलाई धार्मिक दृष्टीकोणाले महत्वपूर्ण मानिन्छ।

कान्तिपुरका मल्ल राजा प्रताप मल्लले आफ्नै छोरा चक्रवतेन्द्र मल्लको स्मृतिमा प्रताप मल्लकी महारानी भुवन लक्ष्मीले ज्यादै पुत्रशोक गरेकी हुँदा महारानीलाई सान्त्वना दिन को लागि रानी पोखरीको निर्माण गरि दिए। ठूलो रानीपोखरी बनाउँदा बीचमा स्वेष्टदेवता र महादेव समेत स्थापना गरि सकल तीर्थका जल, बुढानीलकण्ठको जल, भरी नेपाल सम्बत ७९० साल कार्तिक शुल्क १५ का दिम प्रतिष्ठा गरि दिए। यस पोखरी रानीले बनाएको हुनाले रानीपोखरीको नाम रहन गएको हो।

यस पोखरीको निर्माता प्रताप मल्लले यसको धार्मिक महत्व उजागर गर्न पोखरीको उत्तर पाखामा पश्चिमाभिमुख नारायण भगवान्को प्रस्तर मूर्ति पोखरी परसरमा आफ्नो र आफ्ना दुई छोराको हात्ती माथि चढेको शालिक संगै शिवलिङ्ग, बालगोपाल

मन्दिर र स्वेष्ट देवता स्थापना गराएका थिए।

रानीपोखरीको निर्माण भै प्रतिष्ठा गराए पछि यसलाई धार्मिक दृष्टीले अझ महत्वपूर्ण वनाउन एवं यसलाई स्यौं तीर्थको तिर्थ पुण्य वनाउन ५१ वटा तिर्थको जल ल्याएर यस पोखरीमा हालिएको छ। प्रताप मल्लको रानीपोखरी अभिलेखमा ती ५१ वटै पवित्र जलको सूचिकृत गरिएको छ। उक्त सूची अनुसार रानी पोखरीमा बाराणसी गंगाको जल, बेधनाथको गंगाजल, बागमतीको जल, शंखमूलको जल, पनौति तिर्थको संगमको जल, गण्डकीको जल, कौशिकको जल, सुन्दरीजलको जल, नीलकण्ठको जल, विष्णुमतिको जल, विश्वनाथको जल, तेचापको जल, बागेश्वरको जल, मनमतीको जल, सपनतिर्थको जल हालिएको छ। त्यसरी नै त्याङ, मशिल, थपपी, सप्त कौशिकी, टौदह, कट्टुवाल, मातातीर्थ, इन्द्रदह, गोकर्ण, ज्ञानवापी, पशुकुण्ड, सीताकुण्ड, टेकुदोभान, हनुमन्तघाट, कालीगण्डकी, स्वेत गण्डकी, सरजूंगा, मालिका, पातलगंगा, गंगा-जमुना-सरस्वती, त्रिवेणी, कमलेश्वरी, सप्त गण्डकी, बराहक्षेत्र, गंगासागर, समुन्द्र, अनन्तलिङ्ग र सिपाडोलको जल मिसाइएको छ।

१९. नुवाकोट भैरबी

यो बागमती अञ्चल अन्तर्गत नुवाकोट जिल्लाको पुरानो सदरमुकाम नुवाकोट सात तल्ले दरबार संगै दक्षिणतिर पर्दछ। चिनसंग लडाई हुँदा भोटेहरुले हमला गर्दै बेत्रावती सम्म भोटेहरु अगाडि बढी सकेको बेला किंकर्तव्यविमूढ भई प्रधानमन्त्री दामोदर पाण्डेले शत्रु पक्षलाई निर्मूल पार्न नुवाकोट भैरबीसंग प्रार्थना गर्दा नुवाकोटको उत्तर तिरको अग्लो डाँडा महामण्डलबाट अरिङ्गालको गोला निस्की शत्रु पक्षलाई डस्न गई भगाए भन्ने भैरबी मन्दिर अगाडिको ताम्रपत्रमा वर्णन गरिएको पाइन्छ। चैत्र पूर्णेमामा नुवाकोट भैरबीको जात्रा हुन्छ। उक्त वेला देवीघाट र नुवाकोटमा भैरवीले भोग लिने आदि अति रमणीय जात्रा हुन्छ। भैरबीको ठूलो गुठी छ। भैरबीको गुठी खेतमा एकै दिनमा धान रोपी सिध्याउनु पर्ने रीति अनुसार उक्त धान रोप्न नुवाकोट जिल्लाका सवै कर्मचारीहरुले स्थानीय विदा पाउँछन्।

२०. गोसाँई कुण्ड:-

यो बागमती अञ्चल रसुवा ज़िल्लामा पर्दछ। गोसाईकुण्ड एउटा नेपालको तीर्थस्थल हो। परापूर्वकालमा समुद्र मन्थन गर्दा समुद्रबाट कालकुट विष निस्क्यो सो विषबाट संसारनै भष्म हुन लागेकोले तेत्तीसकोटी देवताहरु सवै डराई भगवान शङ्करसंग संसारको रक्षा गर्न भक्तहरुको अनुरोधमा भगवानको आदि नाम (सनातन नाम) लाई स्मरण गरी उक्त कालकूट विष पिई दिनु भयो। त्यसैले तुल्सीकृत रामायणमा

नामको महिमा यसरी गाइएको छ ।

"नाम प्रभाउ जान शिव निको

कालकूट फल दिन्ह अमिको"

भगवानको आदि नामको प्रभावले उक्त विषले भगवान शङ्करलाई केही असर गर्न सकेन र उक्त विष भगवान शङ्करको कण्ठमा अडकिन गयो । सोही कारण भगवान शङ्करको कण्ठ नीलो भयो । सोही कारणले शङ्करको नीलकण्ठ पनि नाम रह्यो । सो विषपानबाट भगवान शङ्कर दाहले छटपटाउनु भई गोसाँई कुण्ड गई त्रिसूलले जमीनमा तीन ठाउँमा रोप्नु भई पानी निकाल्नु भयो र तीनवटा कुण्ड भयो । १. गोसााई कुण्ड २. भैरबकुण्ड ३. सरस्वती कुण्ड । गोसााई कुण्डमा भगवान शङ्कर पल्टिनु भयो । भक्तहरु भन्छन् उक्त गोसाँई, कुण्डमा, कुण्डको पूर्वको डाँडाबाट हेरेमा भगवान् शङ्कर पल्टिरहेको छाँया देखिन्छ ।

२१. ब्यास गुफा :-

यो गण्डकी अञ्चलको तनहूँ जिल्लाको सदरमुकाम दमौलीमा पर्दछ । परापूर्वकालमा मादी नदीबाट प्राप्त माछाको पेटबाट एउटी कन्या उत्पत्ति भइन् । ती कन्याको नाम मत्स्यगन्धा (सत्यवती) रह्यो । मत्स्यगन्धा लाई मादी नदी पारी पट्टि एउटा माझीले पाली राख्यो । एक दिन माझीको घरमा पराशर ऋषि पुगे । माझीले अतिथि सत्कार गरी नदी पार गराउन आफ्नी छोरीलाई अन्हाए । ती कोटीले पराशर ऋषिलाई डुङ्गामा राखी डुङ्गा खियाउन लागिन् । डुङ्गा जव नदीको विचमा पुग्यो तव अचानक घनघोर बादल भई अन्धकार भयो । र सोही डुङ्गामा परसर ऋषि र मत्स्यगन्धा बीच सहबास भई व्यास ऋषि पैदा भए । ब्यास (सन्धीले) ऋषि पैदा गराए पछि ब्यासलाई नदीको तीरमा रहेको गुफामा छोडी कन्या हिंडिन । सोही बेला देखि उक्त गुफाको नाम व्यास गुफा रहेको प्रमाण पाइन्छ । पछि सोहि मत्स्यगन्धाको विवाह भिष्मपितामह (देवव्रत) को बावु सन्तनु संग भयो । देवव्रतकी आमा गङ्गा थिइन् ।

२२. हरिहर क्षेत्र:-

गण्डकी, देवीका, ब्रम्हपुत्रीका, त्रिवेणीलाई विष्णु र शिवको नामले हरिहर क्षेत्र भनियो । त्यो ठाउँमा पाँचरात्री बस्नाले देवतानै बनिन्छ भन्दै त्यो ठाउँलाई देउघाट क्षेत्र भनियो । त्यसै ठाउँलाई महायोगीश्वर शिव र महायोगी हंश भगवान्को आश्रम पनि भनियो । उक्त स्थान काठमाडौंबाट १४९ कि.मी.मा पर्दछ ।

२३. भानुभक्त:- गण्डकी अञ्चल तनहूँ जिल्लाको चुँदी रम्घामा भानुभक्तको जन्म भएको थियो । चुँदी रम्घामा भानुभक्तको सालिक छ र उक्त सालिकको दाँया

हातमा कलम र वायाँ हातमा लेखी राखेको ढलोटको पत्रमा निम्न प्रकार लेखिएको छन् ।

श्री एक दिन् नारद सत्यलोक पुगि गया

लोक्को गर्दै हित् भनि

भानुभक्तले घाँसीसंग भेट भई उल्लेख गरिएको घाँसी कुवा पनि तनहूँ जिल्लामा नै पर्दछ । उक्त घाँसी कुवा काठमाडौंबाट पोखरा जाँदा राजमार्गको बीच सडकको छेउमा १४७ कि.मी.मा छ ।

२४. लुम्बिनी:-

यो नेपालको लुम्बिनी अञ्चल अन्तर्गत रुपन्देही जिल्लामा पर्दछ । लुम्बिनीको बनमा कपिलवस्तु जिल्ला तौलिहवाका राजा सुद्धोधनकी रानी मायादेवी माइती जान आउँदा महात्मा बुद्धको जन्म भयो । भगवान् बुद्धको जन्म भएको स्थानमा ब्रह्मा, विष्णु र महेश्वरले पुष्प वृष्टी गरेको, राजा सुद्धोधनकी कान्छी रानी प्रजापति सहितको मूर्ति भएको उक्त मूर्ति मन्दिर भित्र रहेको र मन्दिरको पूर्व तर्फ तलाउ र दक्षिण तर्फ अशोक स्तूत भएको उक्त स्थान हेर्न विभिन्न मुलुकका विदेशी तथा स्वदेशी पर्यटकहरु आउँछन् ।

२५. तिलौराकोट:- यो कपिलबस्तु जिल्ला तौलिहवा बाट ३ कि.मि उत्तर जानु पर्दछ । तिलौराकोटमा परापूर्व कालमा राजा सुद्धोधनको दरबार थियो । हाल उक्त स्थानमा भगनावशेष मात्र छ । उक्त भगनावशेषबाट प्राप्त ईँटा र कुसीनगरको भग्नावशेषबाट प्राप्त ईँटा उही किसिमको देखिन्छ । कुसी नगरमा भगवान् बुद्धको परिनिर्वाण मूर्ति ६.१८ मिटर लामो छ ।

२६. रुरु क्षेत्र:- यो लुम्बिनी अञ्चल अन्तर्गत पाल्पा जिल्लाको रिडीमा पर्दछ । कालीगण्डकी रिडी हुँदै बगेर देउघाट पुगि नारायणीमा परिणत भएको छ । शास्त्रमा दोस्रो क्षेत्र रुरु क्षेत्र उल्लेख भएको पाइन्छ ।

२७. मुक्ति क्षेत्र:- यो क्षेत्र धौलागिरी अञ्चल अन्तर्गत मुस्ताङ जिल्लामा पर्दछ । क्षेत्रमा पहिलो क्षेत्र मुक्ति क्षेत्र भएको हुनाले मुक्तिनाथको दर्शन गर्न भारत र नेपालका विभिन्न जिल्लाहरुबाट धर्मावलम्बीहरु र खास गरेर वैष्णवी धर्मावलम्बीहरु अनेक कठिनाई सही दर्शन गर्न आउँछन् ।

मुक्तिनाथ एक अतिनै रमणीय स्थानमा रहेको छ । मुक्तिनाथको मन्दिरको दाँया देखि बाँया सम्म १०८ गोमुखी धारा वहेका छन् । मन्दिरको पूजारी विवाह नगरेको कन्या-आमा हुन्छिन् । मुक्तिनाथको पछाडीबाट माथिल्लो बाटो गई अन्दाजी १५

मिनेटको बाटो हिंडेपछि ज्वाला देवीको स्थान आई पुग्छ । ज्वाला देवी मन्दिर भित्र पसेपछि ज्वालाको दर्शन हुन्छ । उक्त ज्वालाको नाम यस प्रकार छन्, जो अहोरात्र बलिरहन्छ ।

१. अग्नि ज्वाला (पानीबाट निस्केको ज्वाला)

२. पत्थर ज्वाला (पत्थरबाट निस्केको ज्वाला)

३. मिट्टी ज्वाला (हाल बन्द) छ ।

यस पछि मुक्तिनाथ र ज्वाला देवीको बीचको फाँटमा एउटा सानो मन्दिर बनाएको छ । त्यस भित्र कान लगाई सुन्दा विशाल जलराशी उच्च पर्वतबाट झरेको आवाज आउँछ । ती स्वर ध्वनी गंगा हुन भन्छीन् । आत्मा ज्ञानीहरुले उक्त स्वर ध्वनिका अनुभव गरेका छन् । मन्दिरसंगै दक्षिणतिर एउटा सानो कुवा छ । त्यस्को जल लिने गर्दछन् ।

२८. रुकुमको कमलदह:-

यो स्थान राप्ती अञ्चल अन्तर्गत रुकुम जिल्लाको पहिलेको सदरमुकाममा पर्दछ । यस ठाउँमा एउटा अति रमणिय कमलको दह छ । त्यस दहको कमलको डाँठलाई काँचै खाने, अचार बनाई खाने अथवा सुकुटी बनाई खाने गर्दछन् र सल्यान, जाजरकोट, मुसिकोट, नेपालगञ्ज सम्म पनि पुर्‍याउछन् । त्यस कमलको डाठ एक किसिमको आम्दानीको श्रोत बनेको छ । यस्तो कमलको डाँठ नेपाल अधिराज्यमा अन्त कहीं पनि छैन ।

२९. फोक्सुण्डो ताल:- (जि.वि.स.का. २०५२)

यो ताल कर्णाली अञ्चलको डोल्पा जिल्लामा पर्दछ । यसलाई रिगमी तालपनि भनिन्छ । धौलागिरीको पश्चिम कान्जिरोवा हिमालको दक्षिण पूर्वमा पर्ने यो ताल समुद्र सतहबाट ३६१३ मिटरको उचाईमा छ । उत्तर दक्षिण ४.८ किं.मि. पूर्व पश्चिम चौडाई १.६ कि.मि. छ । यो ताल रारा दह पछिको नेपालको सबै भन्दा ठूलो ताल हो । करीब ६५० मिटर गहिरो यो ताल नेपालको सबभन्दा गहिरो ताल हो । यो फोक्सुण्डो गा.वि.स. मा पर्दछ र सदरमुकाम दुनैबाट (६० माइल) ३० कोष टाढा पर्दछ । फोक्सुण्डो ताल विदेशी पर्यटकलाई निषेधित छ ।

३०. राराताल:- (रामबहादुर पहाडी कार्तिक ३०,२०४८ गो.प.) राराताल नेपालको एक प्राकृतिक वरदान हो । यो ताल कर्णाली अञ्चलको मुगु जिल्लामा पर्दछ । सदर मुकाम गमगढीबाट पश्चिम दिशा तर्फ अन्दाजी ७/८ कि.मि. जति हिमाली बाटो तय गरेर ताल सम्म पुग्न सकिन्छ । यसको उचाई समुन्द्री सतहबाट करीब १० हजार

फिट छ। तालको वरिपरि रहेका धुपी जुम्ली र अन्य विभिन्न प्रकारका सल्लाका साथै साल र भोजपत्रको विशाल वृक्षहरुले तालको सुरक्षा गरि रहेको भान हुन्छ। यही वनलाई नै रारा राष्ट्रिय निकुञ्ज को नामले चिनिन्छ। रारातालको अनुपम सौन्दर्य को बयान गर्न सारै मुश्किल छ।

छाँयानाथ हिमालको चुच्चेमारे लेकको काखमा अवस्थित यो तालको वरि परि रमणीय चउरहरु पनि रहेका छन् जहाँ सजिलै संग हवाई मैदान वनाउन सकिने छ। राराताल झण्डै ४ कोष लम्बाई र दुई कोष चौडाईको छ। यो तालको पानी यति निर्मल र स्वच्छ छ कि तालको गहिराई सम्मको अन्तिम सतह माथि बाट नै छर्लङ्ग देखिन सकिन्छ। तालको वरिपरि विभिन्न श्रोतबाट बग्ने पानी हिउँ समान चिसो छ तर तालको पानी एकदम न्यानो र तातो छ।

३१. हुम्लाबाट मानसरोवर कैलाश (गौरीबहादुर कार्की २६ श्रावण २०५३ लोकपत्र):- नेपालगञ्ज विमान स्थल समुन्द्र सतह भन्दा ५८० फिटको उचाईबाट हुम्ला जिल्लाको सदरमुकाम सिमिकोट समुन्द्र सतहबाट ९५०० फिट उचाईमा हवाई अवतरण भए पछि यसै प्रकार सिमिकोटबाट नेपालको अन्तिम वस्ती यारी गाउँ (३५००) मिटर को उचाईमा पुग्दा यारी देखिनै जमीनमा स-साना फूल विरुवा, काँडे बुटा, धुपीको बुटा, गलैचे झ्याउ दुवो मात्र पाइन्छ । ठूला रुख पाइन्दैन। यस भन्दा माथि मानसरोवर र कैलाश उपत्यका सम्म पूरै हिममरुभूमी छ। सिमिकोटबाट मुचु सम्म खुर्पानी, चुत्रो, आरु बाटै भरी जंगलै भरी पाइन्छ।

हुम्लाबाट तिब्बतको सीमा चौकी सेरा पुग्न ३ दिन देखि ५/६ दिन सम्म लाग्छ। सिमिकोटबाट पहिलो दिन ढाडिकमी, दोस्रो दिन यलवाङ, तेस्रो दिन मुचु, चौथो दिन यारी र पाँचौ दिन तिब्बतको सेरा पुगी सवारी साधन मिलेमा त्यस दिन ताक्लाकोट पुगिन्छ। करिब १५ हजार फिटको उचाई नारा भञ्ज्याङ यो मार्गको सवभन्दा गहिरो, अग्लो र अप्ठेरो छ। तिब्बत क्षेत्रमा सरकारी लगायत निजी ट्रकको आवतजावत भै रहन्छ। ताक्लाकोटमा वास पाइन्छ। कर्णाली नदीको किनारमा रहेको ताक्लाकोट बाट मानसरोवर कैलास जान गाडी ट्रकमा अवस्था हेरी एक जनाले ३०/४० सुकुर मा एक तर्फी यात्रा गर्न पाइन्छ। एक सुकुर बरावर नेरु १०/- पर्दछ। ५ सुकुर तिरेर प्रवेशाज्ञा लिनु पर्दछ। त्यसपछि वसको टिकटको लागि ४० सुकुर तिर्नु पर्छ। मानसरोवर लगभग ट्रक या बसमा ३ घण्टा को यात्रा हो। गुम्ला मान्धाता पर्वतलाई पूर्व तर्फ दाँया पार्दै पहिले राक्षस ताल पुगिन्छ। राक्षस ताल विशाल, निर्मल निलो देखिन्छ। यो तालमा राक्षस रावणले स्नान गरेको हुनाले

योताललाई अपवित्र मानिन्छ । यसमा स्नान र पुजा गरिन्दैन । कर्णालीको उद्‌गम यसै तालबाट भएकोले कोशी, गण्डकी जस्तो पवित्र नदी मानिन्दैन ।

२०० वर्गमिल क्षेत्रको मानसरोवर ताल १४९४० फिटको उचाईमा रहेको छ । यो तालको दक्षिणमा गुम्ला मान्धाता हिम श्रृखंला पर्दछ । यो तालको चारै कुना एकै ठाउँबाट देखिन्दैन । विशाल र फराकिलो अगाडिको भाग मात्र देखिन्छ । किनाराको २०/२५ फिट सम्म घाँस लेउ र केही हिलो छ भने त्यसपछि हरियो निलो कंचन देखिन्छ । हावा लाग्दा छाल चलिरहेको हुन्छ । सूर्यको स्थिरतिर उज्यालोको अवस्था अनुसार तालको रंगमा परिवर्तन भैरहेको देखिन्छ । उत्तरबाट हेर्दा टल्केको सेतो फिका रंगको देखिन्छ भने दक्षिणबाट हेर्दा निलो कंचन हरियो गाढा जस्तो लाग्छ । विहान देखि साँझ सम्म प्रकाशको अवस्था अनुसार तालको रंगमा परिवर्तन भैरहेको देखिन्छ । कटक्क काटने चिसो पानीमा स्नान गरेपछि पनि शरीर चंगा र स्फूर्तिको अनुभव हुन्छ । तालमा विभिन्न जातका चखेवा, पानीहाँस, सारसहरु खेली रहेको देखिन्छ । मानसरोवरको स्नानले सात पुस्ता तरिन्छ भनिन्छ ।

अथवा

दार्चुला जिल्लाको खलंगाबाट सुनसेरा पहिलो दिन, दोस्रो दिन सुन्सेराबाट दुम्लिग (राल्पा), तेस्रो दिन दुम्लिगबाट तिंकर चौथो दिन तिंकर लिपुलेक हुँदै ताक्लाकोट पुगिन्छ । पाँचौ दिनमा ताक्लाकोटमा पास बनाउन र बस अथवा जीपको व्यवस्था र एक दिन ताक्लाकोटबाट मानसरोवर दर्शन गरी पुन ताक्लाकोट फर्कन गरी ६ दिन र ताक्लाकोट बाट फर्कन ४ दिन गरि जम्मा १० दिनमा दार्चुला सम्म फर्कन लाग्दछ ।

विविध दृश्यावलोकन

क्र.सं.	अञ्चल	जिल्ला	धार्मिक स्थल तथा अन्य
१.	मेची	ताप्लेजुंग	पाथीभरा देवी स्थान, कञ्चनजंगा हिमाल
२.	"	पाँचथरं	गढीमाई भगवती, शिव मन्दिर
३.	कोशी	संखुवासभा	गणेश, भिमसेन, शिव मन्दिर, राधाकृष्ण
४.	कोशी	भोजपुर	सिद्धकाली
५.	कोशी	सुनसरी	सत्यनारायण मन्दिर, वैष्णवी दुर्गा भगवती, बराह क्षेत्र, रामधुनी
६.	सगरमाथा	सोलुखुम्बु	सगरमाथा हिमाल

७.	सगरमाथा	दिक्तेल	हलेसी महादेव
८.	सगरमाथा	सप्तरी	कंकाली भगवती, राजदेवी, हनुमान मन्दिर, शिव मन्दिर, छिन्नमस्ता भगवती
९.	जनकपुर	दोलखा	दोलखा भिमसेन
१०.	जनकपुर	धनुषा	जानकी मन्दिर, राम मन्दिर धनुषा गाउँ (शिव धनुष तोडेको स्थल)
११.	जनकपुर	महोत्तरी	जलेश्वर महादेव, राजदेवी, हनुमान मन्दिर
१२.	नारायणी	बारा	सिद्धेश्वर विद्यालय, बरियार माई, सिमरौनगढ, रनिवास, हर्दिया दरबार
१३.	नारायणी	पर्सा	माईस्थान, गीता मन्दिर, विर्तामाई, विन्दूबासिनी भगवती
१४.	नारायणी	मकवानपुर	चुरीमाई, मकवानपुर गढी, चिसापानी गढी
१५.	नारायणी	चितवन	टाइगर टप क्याम्प, बालमिकि आश्रम, कसरा दरबार, नारायणी, दियालो वंगला
१६.	बागमती	सिन्धुपाल्चोक	चौतारा, कालिका देवी, जलविरे जलविरे–महादेव, ऐसेलु खर्क –रणनयनेश्वरी महादेव, नवलपुर–भिमसेन तौथली–नातेश्वरी गुरु,भिमसेन, त्रिपुरासुन्दरी, सुनकोशी –सुनकोशी महादेव तातोपानी–तातोपानी हेलम्बु-हेलम्बु
१७.	बागमती	काभ्रे	गौखुरेश्वर महादेव, कोटाकी देवी, पलाङ्चोक भगवती, लक्ष्मी नारायण मन्दिर, शेष नारायणमन्दिर, गीता मन्दिर,भगवती मन्दिर गणेश मन्दिर, चन्देश्वरी मन्दिर, पनौती तुल्सीनारायण मन्दिर, नमो बुद्ध, पोखरी नारायण स्थान
१८.	बागमती	भक्तपुर	नवदुर्गा मन्दिर, दत्तात्रेय मन्दिर, पाँच तले देवल, अष्ट मात्रिका भैरव मन्दिर, दरबार

			चोक, ५५ झ्याल दरबार, चाँगु नारायण, सूर्य विनायक, नगरकोट
१९.	बागमती	ललितपुर	मछिन्द्रनाथको मन्दिर, कृष्ण मन्दिर, महाबौद्ध, बौद्ध गोल्डेन मन्दिर, कुन्टी महादेव, बज्रबाराही, टीका भैरव, लेले सरस्वती कुण्ड, कार्जे विनायक, पाटन दरबार, चिडिया खाना, गोदावरी, बुंगमती ।
२०.		काठमाडौं	पशुपति, गुहेश्वरी, स्वयम्भु, त्रिभूवन स्मृति सम्बन्धि म्यूजियम हनुमान ढोका, तलेजु मन्दिर हनुमान ढोका, कुमारी मन्दिर, अशोक विनायक, काष्ठ मण्डप, रत्नपार्क, दशरथ रङ्गशाला, राष्ट्रिय सभागृह, भृकुटी मण्डप, नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान, सिंह दरबार, संसद भवन, राष्ट्रिय सभा भवन, वीरेन्द्र अन्तर्राष्ट्रिय सभा गृह, नारायणहिटी राजदरबार, शितल निवास, वज्रयोगिनी, खड्गजोगिनी, दक्षिणकाली, टौदह, जलविनायक, सर्वोच्च अदालत, शिवपुरी डाँडा, बौद्ध
२१.	बागमती	रसुवा	गोसाई कुण्ड, लामटांग, गणेश हिमाल
२२.	बागमती	नुवाकोट	त्रिसुल हाइड्रो प्रोजेक्ट, नुवाकोट, भैरवी, नुवाकोट साततल्ले दरबार, बेत्रावती, देवीघाट, ककनी गेष्ट हाउस
२३.	गण्डकी	गोरखा	गोरखनाथ, गोरखकालिका, मनकामना, लोर्के हिमाल
२४.	गण्डकी	तनहूँ	छब्वी बराह, ढोर बराह, सिद्ध गुफा, व्यास गुफा, परासर गुफा, पाताल गुफा, चुडी रम्घा, देउघाट, घाँसी कुवा, बन्दीपुर
२५.	गण्डकी	कास्की	बिन्ध्यबासिनी भगवती, माछापुच्छ्रे हिमाल, अन्नपुर्ण हिमाल, महेन्द्र गुफा, डाभिडफल, फेवा ताल, दिपांक ताल, मैदी ताल, खाष्टे

			ताल, गड्‌डा ताल, रुपा ताल, बेगनास ताल, रत्न मन्दिर, बराह मन्दिर
२६.	गण्डकी	मनाङ	मनास्लु हिमाल
२७.	लुम्बिनी	नवलपरासी	त्रिवेणी
२८.	"	रुपन्देही	लुम्बिनी, अशोक स्तूप
२९.	"	तौलिहवा	तिलौराकोट, तौलेश्वर महादेव
३०.	"	पाल्पा	पाल्पा भैरवी, रणउजेश्वरी भगवती, तानसेन, श्रीनगर डाँडा, भिमअस्व ताल, ऋषीकेश नारायण
३१.	"	अर्घाखाँची	अर्घारजस्थल देवी
३२.	धौलागिरी	मुस्ताङ	मुक्तिनाथ, स्याङ छुम्बा ताल, निलगिरी हिमाल, धौलागिरी हिमाल, कैसान क्याम्प, क्षयरो, कागबेनी, मार्फा स्याउखेती
३३.	धौलागिरी	म्याग्दी	गलेश्वर महादेव, तातोपानी
३४.	राप्ती	दाङ	घोराही अम्बिकेश्वर मन्दिर, रतननाथ मठ
३५.	"	प्यूठान	स्वर्गद्वारी महादेव
३६.	"	रुकुम	रुकुम बराह मन्दिर
३७.	भेरी	जाजरकोट	गणेश मन्दिर
३८.	"	दैलेख	शिर स्यान ज्वालाजी, कोटिला शिव मन्दिर, नाभिस्यान, ज्वाला धुलेश्वर, धुलो उडिरहने पादूका, ज्वाला, यी पाँच स्थानलाई पञ्च कोशीतीर्थ स्थल भन्दछन् ।
३९.	"	सुर्खेत	काँक्री विहार, वुलवुले ताल, गंगामाला देउती बज्यै
४०.	"	बाँके	बागेश्वरी मन्दिर
४१.	"	बर्दिया	बगलामुखी भगवती
४२.	कर्णाली	डोल्पा	शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज, फोक्सुण्डो ताल (विदेशीलाई निषेधित), काञ्जिरोवा हिमाल, त्रिपुरा हिमाल, मुकोट हिमाल, त्रिपुरासुन्दरी मन्दिर, माण्ट भवानी मन्दिर, मतमा देउता

			मन्दिर, सरस्वती मन्दिर, व्यास गुफा, सुनदह
४३.	कर्णाली	मुगु	रारा ताल (महेन्द्र ताल)
४४.	"	जुम्ला	चन्दननाथ मन्दिर, तातोपानी तिलानदी, कर्णाली टेकनिकल स्कूल
४५.	"	कालिकोट	बडीमालिका माईको मन्दिर
४६.	सेती	अछाम	बरदा देवी मन्दिर, पञ्च देवले
४७.	"	बझाङ	सुर्मा देवी
४८.	"	डोटी	राधाकृष्ण मन्दिर (इन्द्रचोक), राधाकृष्ण मन्दिर (कृष्णलय टोल), शैलेश्वरी मन्दिर (शैलेश्वरी टोल), चन्दैश्वरी भैरब (शैलेश्वरी टोल), खप्तड राष्ट्रिय निकुञ्ज
४९.	सेती	कैलाली	पशुपति मन्दिर
५०.	महाकाली	बैतडी	त्रिपुरासुन्दरी भगवती, दशरथ चन्दको सालिक बैतडीपाटन-उदयदेव मन्दिर, ठाकुरदेव मन्दिर
५१.	"	डडेलधुरा	उग्रतारा भगवती, किल्ला कालिका माई, भैरब मन्दिर
५२.	"	कञ्चनपुर	सिद्धनाथ बाबा मन्दिर, महाकाली मन्दिर

अन्य कुराहरु

१. पशुपतिनाथको मन्दिरको स्थापना प्रचण्डदेव

३. कुमारी जात्रा तथा इन्द्रजात्रा राजा गुणकाम देव

४. वालकको सालनाल काटने चलन अंशुवर्मा

५. तुलजा भवानी संग पासा खेल्ने जगज्योति मल्ल

६. दुनियाँलाई नखाई आफूले नखाने महेन्द्र मल्ल

७. बंशावली अनुसार लिच्छवी कालका राजा गुणकाम देवको शासन कालमा काठमाडौंमा १८०० घर थिए ।

८. भाष्कर बर्माको दत्तक उत्तराधिकारी भूमी वर्मा

९. लिच्छवी राजा बरदेवको शासनकालमा काश्मीरका राजा जयपिडले नेपालमा

आक्रमण गर्दा उनी राजा वरदेवको युद्ध चातुरी द्वारा काली गण्डकी निर वर देवको कैदमा परेका थिए ।

१०. सेतो मच्छिन्द्रनाथको जात्रा चलाउने प्रताप मल्ल

११. कुमारीको रथ तान्ने चलन जय प्रकाश मल्ल

१२. जय प्रकाश मल्लकी बागी रानी दयावती

१३. इन्द्रजात्रा लिङ्गो गाड्ने चलन श्री ५ महाराजाधिराज प्रतापसिंह शाहदेव

१४. सुनको असर्फीको चलन चलाउने श्री ५ महाराजाधिराज रण बहादुर शाह

१५. श्री महाराजाधिराज रण बहादुर शाहको छाया श्री शेरबहादुर शाह

१६. असन केलटोलको तिलंगा घर बनाउने प्रधानसेनापति अभिमानसिंह बस्नेत

१७. कोतपर्व हुँदा नेपालका प्रधानमन्त्री फत्येजङ्ग शाह

१८. कोतपर्वमा सर्वप्रथम मारिने प्रधानसेनापति अभिमानसिंह बस्नेत

१९. भण्डारखाल पर्वमा सर्वप्रथम मारिने बीरध्वज

२०. मुलुकी ऐनको स्थापना वि.सं. १९१०

२१. घुर्सिङ मातातिर्थ रोप्वे संचालन वि.सं. १९२७

२२. वि.सं. १९३८ मा राणाहरुलाई मार्न षडयन्त्र भयो जसलाई ३८ साल पर्व भनिन्छ ।

२३. वि.सं. १९४२ मा खडग शम्शेर, भीम शम्शेर र डम्बर शम्शेरले रणोद्दिपसिंहको हत्या गरे जसलाई ४२ साल पर्व भन्दछन् ।

२४. वि.सं. १९४३ मा श्री ५ महाराजधिराज पृथ्वी बीर विक्रम शाहदेव हनुमान ढोका बाट नारायण हिटी राजदरबार सरि बक्स्यो ।

२५. बीर अस्पतालको स्थापना वि.सं. १९४७

२६. काठमाडौंमा विजुली बलेको वि.सं. १९६८

२७. मिलटरी अस्पतालको स्थापना १९८१

२८. सती जाने प्रथा बन्द गरेको वि.सं. १९८१

२९. दास मोचन वि.सं. १९८१

३०. वि.सं. १९२३ मा गोरखा निवासी लखन थापालाई झुण्ड्याईएको

३१. शुक्रराज शास्त्री माधव राज जोशी र रत्न कुमारीका माहिला छोरा थिए । जन्म वि.सं. १९५० साल जनैपूर्णेका दिन वनारसमा भएको थियो । शहिद वि.सं. १९९७ माघ १० गते पचली मा झुण्ड्याईएको ।

३२. धर्म भक्त माथेमा सुब्बा आदि भक्त र चन्द्रकुमारी देवीका छोरा थिए । जन्म

वि.सं. १९६६ साल आश्विन ९ गते काठमाडौं नवहिल टोलमा भएको थियो।
शहिद वि.सं. १९९७ माघ १३ गते सिफलमा झुण्ड्याईएको।

३३. दशरथचन्द शेर बहादुर चन्दका छोरा थिए। जन्म वि.सं. १९६० साल आषाढ १७ गते वैतडीको बस्कोट गाउँमा भएको थियो। शहिद वि.सं. १९९७ माघ १५ गते शोभा भगवती अगाडि विष्णुमति दोभानमा गोली हानी मृत्यु दण्ड दिईएको।

३४. गंगालाल भक्तलाल श्रेष्ठ र तुल्सी देवीका जेठा छोरा। जन्म वि.सं. १९७५ फाल्गुण पूर्णेमा रामेछापमा भएको। शहिद वि.सं. १९९७ माघ १५ गते शोभा भगवतिमा गोली हानी मृत्यु दण्ड दिईएको।

३५. वि.सं. २००१ सालमा काठमाडौं उपत्यकामा हिउँ बर्सेको।

३६. वि.सं. २००२ सालमा (सन् १९४५) संयुक्त राष्ट्र संघको स्थापना

३७. वि.सं. २००५ साल (सन् १९४८ अप्रिल ७) मा विश्व स्वस्थ्य संघको स्थापना

३८. २००७ साल कार्तिक २१ गते श्री ५ महाराजाधिराज त्रिभुवन बीर बिक्रम शाह देव राजपरिवार सहित भारतीय दूतावासमा शरण लिई बक्सेको।

३९. वि.सं. २००४ साल (सन् १९४७ अगष्ट १५ मा) भारत स्वतन्त्र

४०. २००७ साल फाल्गुन ४ गते श्री ५ महाराजाधिराज त्रिभुवन बीर बिक्रम शाहदेव राजपरिवार सहित काठमाडौं फिर्ती सवारी

४१. वि.सं. २००७ साल फाल्गुण ७ गते नेपालमा प्रजातन्त्रको स्थापना।

४२. वि.सं. २०१० सालमा नेपालले विश्व स्वास्थ्य संघको सदस्यता प्राप्त गरेको।

४३. वि.सं. २०१० (सन् १९५३ मे २९) सालमा तेन्जिङ शेर्पाले २९०२८ अग्लो विश्वको सबभन्दा अग्लो सगरमाथा चढन सफल भएको।

४४. वि.सं. २०१३ साल (सन् १९५५ डिसेम्बर १५) मा नेपालले संयुक्त राष्ट्र संघको सदस्यता प्राप्त गरेको।

४५. वि.सं. २०२० साल भाद्र १ गते देखि नयाँ मुलुकी ऐन लागु भएको।

४६. वि.सं. २०२५ सालमा नेपालले संयुक्त राष्ट्र संघको सुरक्षा परिषदको अस्थाई सदस्यता प्राप्त गरेको।

४७. वि.सं. २०३० साल आषाढ २४ गते सिंह दरबार आगलागी भएको।

४८. वि.सं. २०४३ मार्ग ९ गते प्रजातन्त्रका अध्यक्ष श्री टंक प्रसाद आचार्यको ७५ वर्ष पुगेको उपलक्ष्यमा हिरक जयन्ती महोत्सव मनाएको टंक प्रसाद आचार्यको जन्म १९६९ मार्ग कृष्ण पक्ष अष्टमी।

काठमाडौं उपत्यका भित्र स्वास्थ्यसंग सम्बन्धित महत्वपूर्ण टेलिफोन नं. हरु

क्र.सं.	संस्थाको नाम	ठेगाना	टेलिफोन
१.	स्वास्थ्य मन्त्री	राम शाह पथ	२६२५३४, २६२५४३
२.	स्वास्थ्य सचिव	"	२६२५९०
३.	स्वास्थ्य महानिर्देशक	टेकु	२६२२३८

स्वास्थ्य संग सम्बन्धित अन्तर्राष्ट्रिय संघ संस्थाहरु

१. विश्व स्वास्थ्य संघ पुल्चोक	५२३२००, ५२३९९३
२. युनिसेफ पुल्चोक	५२३८५७
३. यु. एन.एफ.पि.ए. "	५२३९८५, ५२३९८५
४. जे.एस.आई. ललितपुर	५२४३१३
५. यु.एस.एड. रवि भवन	२७०१४४
एक्सचेन्ज,	२७१३२५
६. केयर नेपाल पुल्चोक	५२२१५३, ५२२१४३
७. जि.टी.जेड पुल्चोक	५२३२२९
८. " टेकु	२६२१०६
९. जाइका पुल्चोक	५२२१८८, ५२२२१८
१०. जाइका त्रिपुरेश्वर	२६०२३६, २६०१९९
११. विश्व बैंक दरवारमार्ग	२२६७९२
१२. यु.एम.एन., नेपाल थापाथली	२२८०६०, २२८११८
१३. सेभ द चिल्ड्रेन फण्ड (यूके)	
एकान्तकुना	५२७१५२, ५२१२५६
१४. रेड बार्ना जावलाखेल	५२१२५६

१५. ने.प.नि.संघ पुल्चोक	५२४४४०, ५२४६४८
१६. नेपाल रेड क्रस सोसाइटी ताहाचल	२७०७६१
१७. नेपाल फर्टिलिटि केयर सेन्टर कोपुण्डोल	५२४०४४
१८. राष्ट्रिय भिटामिन ए कार्यक्रम माइतीघर	२२४८८४, २५६६३३
१९. नेपाल नेत्र ज्योति संघ त्रिपुरेश्वर	२६१०६६, २६१९२१
२०. आड्रा नेपाल, महाराजगंज	३७०७४४
२१. यु.एस.सी. क्यानडा नेपाल, बालुवाटार	४१४१७०, ४२६३७८।

अस्पताल

१. बीर अस्पताल इन्क्वायरी महाबौद्ध	२२१११९, २२१९८८
२. बीर अस्पताल इमरजेन्सी इन्क्वायरी "	२२६९६३
३. कान्ति बाल अस्पताल महाराजगञ्ज	४११५५०, ४१११४८, ४१३३९८
४. सरुवा रोग अस्पताल टेकू	२४३३९५, २५३३९६
५. पाटन अस्पताल लगनखेल	५२१०४८, ५२२२६६, ५२२२९५
६. मानसिक अस्पताल लगनखेल	५२१३३३, ५२१६१२
७. प्रसूती गृह थापाथली	२५३२७६
८. राष्ट्रिय क्षयरोग अस्पताल सानोठिमी	६१००३३
९. शहिद गंगालाल हृदयरोग केन्द्र बाँसबारी	३७१३२२
१०. भक्तपुर अस्पताल भक्तपुर	६१०६७६, ६१०७९६
११. नेपाल आँखा अस्पताल त्रिपुरेश्वर	२४३८२३, २५०६९१
१२. त्रि.वि. शिक्षण अस्पताल महाराजगञ्ज	४१२३०३, ४१२७०७
१३. नेपाल मेडिकल कलेज शिक्षण अस्पताल जोरपाटी	४८६००८, ४८६००९
१४. आयूर्वेद चिकित्सालय नरदेवी	२५९१८२, २५९७६४
१५. होमियोप्याथिक चिकित्सालय पुल्चोक	५२२०९२
१६. युनानी औषधालय पुल्चोक	५३९१९०
१७. बीरेन्द्र प्रहरी अस्पताल महाराजगञ्ज	४१२४३०, ४१२५३०

१८. बीरेन्द्र सैनिक अस्पताल छाउनी	२७१९४०, २७१९४१, २७१९६५
१९. वि.पि. क्यान्सर अस्पताल भरतपुर	०५६-२०८४२
निजी अस्पताल	
१. तिलगंगा आँखा अस्पताल गौशाला	४९३८८४, ४९३७७५
२. काठमाडौं मोडेल अस्पताल बागबजार	२५०८०५, २५०८४८
३. काठमाडौं अस्पताल त्रिपुरेश्वर	२६२१९४
४. बी.एण्ड बी. अस्पताल ग्वार्को लपु	५३३२०६,५३५७३९
५. नेशनल डेण्टल अस्पताल, लाजिम्पाट	४३३६९७, ४३६३१२
६. एच.एम. अस्पताल महाराजगञ्ज	४१११३४, ४१५४६१
७. सिद्धार्थ एपोलो अस्पताल पुतली सडक	४१७६२२, ४२६९५९-६१
८. सामुदायिक अस्पताल जोरपाटी	४७०८७४
९. नेपाल ओरल हेल्थ क्लिनिक कान्तिपथ	२४२९२९, २४५५७२
निजी नर्सिङ्ग होम	
१. हिमालय नर्सिङ्ग होम ज्ञानेश्वर	४१५०७६, ४१९६७२
२.ॐ नर्सिङ होम कमलपोखरी	४११०७४, ४१८४३०
३. सर्वाङ्ग नर्सिङ होम कोपुण्डोल	५२००९३, ५२४९९६
४. डान्स केयर नर्सिङ होम "	५२३८८१
५. अन्नपूर्ण नर्सिङ होम बागबजार	२२२५७३
६. नर्विक नर्सिङ होम थापाथली	२५८५५३, २५८५५४
७. हर्गान्स नर्सिङ होम जावलाखेल	५२३०२०
८. एभरेष्ट नर्सिङ होम नयाँ वानेश्वर	४८२२९४
९. इशान बाल नर्सिङ होम महाराजगञ्ज	४१२०१८
१०. बाबा बाल नर्सिङ होम लाजिम्पाट	४११४७७
११. ब्लु क्रस नर्सिङ होम त्रिपुरेश्वर	२६१७९६, २६२०२७
१२. मेडिकेयर नर्सिङ होम रामशाह पथ	२२७८९५
१३. मेडिकेयर नेपाल नर्सिङ होम नक्साल	४२२६८७, ४२९१८१
१४. भ्याली म्याटरनिटी नर्सिङ होम पुतली सडक	४२०२२४
१५. युनाइटेड नर्सिङ होम मानभवन	५२२५३३
१६. काठमाडौं डेन्टल नर्सिङ होम ज्याठा	२५१३५२, २५६७०९

माउन्ट कैलाश

नाम्सो लेक



लेखक :- विष्णुप्रसाद श्रेष्ठ

लेखकको परिचय

शैक्षिक योग्यता :बी.ए. (इतिहास राजनीति विज्ञान) र
स्वास्थ्य शिक्षा पोष्ट ग्राजुएट (दिल्ली विश्वविद्यालय, नयाँ दिल्ली, भारत)

सेवा : २०१८ साल चैत्र देखि निजामती सेवामा प्रवेश
२०४९ कार्तिक २१ गते ३० बर्षे अनिवार्य अवकाश

भ्रमण :

(क) नेपाल:- नेपाल अधिराज्यको ७५ जिल्ला मध्ये ७२ जिल्लाहरूको भ्रमण

(ख) भारत:- पश्चिम बंगाल- दार्जिलिङ, कलकत्ता
बिहार- पटना
उत्तर प्रदेश- बनारस, अयोध्या, इलाहाबाद, कानपुर, लखनउ, मथुरा, बृन्दावन, गोकूल, नन्दगाउँ, बरसैना, गोवर्द्धन पर्वत, नैनीताल, हरिद्वार, ऋषीकेष, देहरादून, मसूरी, केदारनाथ, बद्रीनाथ
मध्यप्रदेश- भूपाल,
आन्धप्रदेश- हैदरावाद, तिरूपतिबालाजी
कर्नाटक- बंगलोर, मैसूर
तामिलनाडू- भेलोर, चेन्नई
महाराष्ट्र- मुम्बई
राजस्थान- जयपुर, अजमेर, चितौरगढ, उदयपुर
हरियाना- दिल्ली
पंजाव- चन्डीगढ
हिमाञ्चल- सिमला

(ग) थाइलैण्ड, सिंगापुर, इण्डोनेसिया, श्रीलंका ।